आज मिति २०८२/०९/२५ गते बिहान ८ बजे यस निस्दी गाउँपालिकाको ९९ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री पुर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री सोभा कुमारी फाल

**मिति २०८२। ०९।२५ गते बस्ने निस्दी गाउँपालिकाको ९९ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. आ. व. २०८२/०८३ को योजना तथा कार्यक्रम रकमान्तर सम्वन्धमा ।

३. कर्मचारी तथा विविध विधामा गरिने सम्मान सम्वन्धमा ।

४. परामर्श सेवाबाट कर्मचारी राख्ने सम्वन्धमा ।

५. करार म्याद थप सम्वन्धमा ।

६. करार कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्वन्धमा ।

७. निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष संचालन कार्यविधि २०८२ पारित गर्ने सम्वन्धमा ।

८.म्याद थप सम्बन्धमा ।

**मिति २०८२।०९।२५ गते बसेको निस्दी गाउँपालिकाको ९९ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गएको पाइयो। वडाका वडा अध्यक्ष ज्यू तथा कार्यपालिका सदस्य ज्यूहरुबाट पेश भएको, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषय माथि समिक्षा गरियो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा बिनियोजन ऐन २०८२ तथा आ व २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम को रकमान्तर सम्वन्धी प्रस्ताव सर्वसम्मत पारित गरी निस्दी गाउँपालिकाको गाँउ सभाको १९ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाका कर्मचारी तथा विधागत रुपमा सम्मान गरिने सम्वन्धी गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट पेश भएको सम्मान सिफारिस सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो। साथै विधागत रुपमा सम्मान छनौट गर्न गाउँपालिका अध्यक्ष ,उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत लाई जिम्मा दिने निर्णय गरियो। सम्मानको सामाग्री सम्मान पत्र, खादा र रकम रु ६६६७ /रु १३३३४ हुने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको स्थानिय ईन्जीनियरीङ्ग / सिभिल तर्फको पाँचौ तहको ४ जना कर्मचारीको माग आकृति फारम लुम्विनी प्रदेश लोक सेवा आयोग संग पदपूर्तिको लागि अनुरोध गरीएको सन्दर्भमा प्राविधिक कर्मचारीको अभावमा आयोजना कार्यान्वयन असहज हुने भएकोले परामर्श सेवाबाट २ जना कर्मचारी राख्ने सर्वसम्मत निर्णय गरीयो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगत विभिन्न कार्यालयमा कार्यरत करार र ज्यालादारी कर्मचारीको करार म्याद थप सम्वन्धी प्रतिवेदन सर्वसम्मत स्वीकृत गरियो। साथै करार म्याद मिति २०८३ असार मसान्त सम्म राखि करार सम्झौता गर्न गाउँकार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगत गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुको २०८२ माघ देखी लागू हुने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्द गर्ने सर्वसम्मत निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष संचालन कार्यविधि २०८२ सर्वसम्मत पारित गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको ठेक्का नं EGP/NCB/WORKS (HB)/NRM/03-077/078 को १५ शैया अस्पताल निर्माणको लागि सम्झौता गरेको प्रतिक रबिना जे.भि.द्धारा म्याद थपको लागी माग भई आएकोमा यस पालिकाबाट अनुगमन गर्दा भौतिक प्रगति करिब ९५ प्रतिशत देखिएको र बाँकी काम असोज महिनाको अविरल बर्षा , युवाहरुको जेन जेड आन्दोलन र प्रतिनीधि सभा चुनावका कारण काबु बाहिरको परिस्थिती देखिन गई सम्पन्न नभएकोले सार्वजनिक खरिद ऐन,२०६४ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार उक्त आयोजनाको सम्झौता म्याद मिति २०८३ असार २५ गते सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो।